# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा

प.सं :०७४/७५
च.नं.:

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सुचना
प्रथम पटक प्रकाशित मिति : २०७४।११।१३

यस कार्यालयको लागी आ.व. २०७४/०७५ को वार्षिक कार्यक्रम अनुसार विभिन्न स्थानिमा फ्रि वाई फाई जोन संचालन गर्नुपर्ने भएकोले उल्लेखित समान आपुर्ति एवं कार्य गर्न नेपाल सरकारवाट सम्बन्धित कार्यको इजाजत प्रप्त गरेको इच्छुक फर्म/ कम्पनी तथा संस्था बाट निम्न शर्तको अधिनमा रहि रितपुर्वकाको सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

शर्तहरु:

१. सिलबन्दी दरभाउ पत्र सम्बन्धि कागजात खरिद गर्न चाहने इच्छुक रजिष्टर्ड फर्म, संस्था / कम्पनी, आधिकृत बिक्रेता वा सप्लायर्स व्यवसायीहरुले व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ कर दर्ता प्रमाणपत्र, आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित आवेदन सहित दरभाउपत्र फारम, यस कार्यालयको सन्चिंत कोष खाता नं ११११०३००००००००४००१००७ खातामा रु १०००।- (फिर्ता नहुने गरी) बुझाई प्रथम पटक प्रकाशित भएको १५ दिन भित्र (मिति २०७४।११।२७) कार्यालय समयमा खरिद गर्न सकिनेछ ।

२. सिल्बन्दी दरभाउपत्र साथ यस कार्यालयको नेपाल बैंक लिमिटेड धुन्चेमा रहेको धरौटि खाता नं. ११११०३००००००००३०००००७ मा नगद जम्मा गरेको रु. २५२५०।- वरावरको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकको इजाजत प्राप्त बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको बिडवन्ड दाखिला गर्ने अन्तिम मितिवाट कम्तीमा ३० दिन अवधि भएको र कामको विवरण समेत खुलाएको उपरोक्त रकम बराबरको विडवन्ड पेश गर्नुपर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र पेश गर्दा खामबन्दी गरी लाहाछाप लगाई १६ औं दिन (मिति : २०७४ फाल्गुन २८ गते) दिनको १२ बजे यस कार्यालयमा वोलपत्रदाता आफै वा आधिकारिक प्रतिनिधि मार्फत दरभाउपत्र दर्ता गराइ सक्नुपर्नेछ । दाखिला भएको सिलबन्दी दरभाउपत्र सोही दिन दिउँसो २ बजे उपस्थित दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ ।

४. दरभाउपत्र खरिद, दाखिला गर्ने अन्तिम दिन विदा परेमा सो कार्यहरु विदाको लगतै पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

५. दरभाउपत्रमा दर, अङ्क र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । दरभाउपत्र फारमको प्रत्येक पानामा दरभाउपत्र दाताको सहीछाप अनिवार्य हुनुपर्नेछ र दर रेट केरमेट भएमा दरभाउपत्रको सहिछाप अनिवार्य हुनुपर्नेछ । म्याद नागी आएको र रित नपुगेको दरभाउपत्र कुनै कारबाहि गरिनेछैन ।

६ सुचनामा उल्लेख नभएको कुराको हकमा सार्वजानिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

थप जानकारीका लागी यस कार्यालयको फोन नं. ०१०५४२०९६ मा फोन गरी वा कार्यालय समय भित्र आई वा यस कार्यालयको Website www.kalikamunrasuwa.gov.np मा हेर्न सकिनेछ ।

# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा

प.सं :०७४/७५

च.नं.:

| क्र.स. | ठे.नं. | विवरण | लागत अनुमान ( कन्टीजेन्सी र मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ दस्तुर | स्थान | दरभाउपत्र प्राप्त गर्ने अन्तिम मिति | दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | | फ्रि वाई फाई जोन संचालन | ८,०८,७५०।- | २४,२५०।- | १०००।- | १.वडा नं. १ को कार्यालय राम्चे<br>२. ग्राङ<br>३. स्याउबारी<br>४. वडा नं. २ को वडा कार्यालय<br>५. वडा नं ३ को वडा कार्यालय<br>६. कटरन्जे<br>७. जिवजिवे प्रा.स्वा.के<br>८. वडा नं ४ को वडा कार्यालय | २०७४/११/२४ गते कार्यालय समय भित्र | २०७४/११/२५ गते दिनको ११ बजे |

पुनश्च : दरभाउपत्र खरिद, दाखिला गर्ने अन्तिम दिन विदा परेमा सो कार्यहरु विदाको लगतै पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत